जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२९ पृष्ठः ४ | २०८२ भदौ २३ गते सोमबार (Monday 08 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## संसदमा विचाराधीन विधेयकलाई नपर्खी सामान्य निर्देशिकाको भरमा सामाजिक सञ्जाल निष्क्रिय

काठमाडौं, २२ भदौ। संसदमा विचाराधीन सामाजिक सञ्जाल विधेयक विवादित बनिरहेका बेला सरकारले सामान्य निर्देशिकाको भरमा सामाजिक सञ्जाल निष्क्रिय बनाएको छ। गएको माघ १५ गते राष्ट्रियसभामा विधेयक पेश भएको र त्यसले अभिव्यक्ति स्वतन्त्रता हनन गर्ने भन्दै विरोध भइरहेका बेला सरकारले त्यसलाई नपर्खी हतारमा सामान्य निर्देशिकाको सहारा लिएर सञ्जालमै रोक लगाएको हो। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले २०८० साल कात्तिक २७ गते टिकटकमाथि प्रतिबन्ध लगाएर त्यसको १४ दिनपछि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका ल्याएको थियो।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले २०८० साल मङ्सिर ११ गते नेपाल राजपत्रमा प्रकाशित गरेको निर्देशिका 'विद्युतीय कारोबार ऐन २०६३' को दफा ७९ ले दिएको अधिकार प्रयोग गरेर तयार पारिएको छ। तर त्यो ऐन नै सामाजिक सञ्जाल नियमनका लागि नभई विद्युतीय हस्ताक्षर तथा कारोबारलाई नियमन गर्न बनाइएको थियो। यो निर्देशिका सामाजिक सञ्जाललाई नियमन गर्न पर्याप्त नरहेको स्वीकार गर्दै वर्तमान मन्त्रिपरिषद्ले सामाजिक सञ्जाल विधेयक संघीय संसदमा पठाएको भए पनि त्यसलाई नपर्खी चौतर्फी असर गर्ने सामाजिक सञ्जाल निष्क्रिय पार्न सरकार हतारिएको हो।

सरकारको निर्देशन अनुसार सामाजिक सञ्जाल कम्पनीहरू सम्बन्धित विभागमा दर्ता भएर नियमित कर तिरिरहेका छन्। तर अहिले नियमनका लागि सूचीकृत गर्न लागेको हो। यसरी सूचीकृत गर्दा सरकारले सामाजिक सञ्जाललाई आफ्नो नियन्त्रणमा राख्न सक्ने ठानेको छ। मेटासहितका सामाजिक सञ्जाल कम्पनीहरूले निर्देशिकाका कतिपय व्यवस्थाहरू पालना गर्न कठिन रहेका र कतिपय लोकतान्त्रिक पद्धति विपरीत रहेकोले स्वीकार गर्न नसकिने बताएका विज्ञहरू बताउँछन्। ऐन ल्याएर त्यसका आधारमा सामाजिक सञ्जाल नियमन गर्नुपर्नेमा सरकार संसदमा रहेको विधेयक नपर्खी हतारमा अघि बढ्दा कानूनविद्हरूले सरकारको नियतमाथि प्रश्न गरिरहेका छन्।

## मिथिलामा पितृपक्ष शुरु



काठमाडौं, २२ भदौ। भदौ शुक्ल पूर्णिमाकै दिन मिथिलामा पितृपक्ष शुरु भएको छ। असोज कृष्णपक्षलाई पितृपक्ष मानिए पनि भदौ पूर्णिमाकै दिन देवर्षि पितृ तर्पण दिइने परम्पराअनुसार आइतबार नै पितृपक्षको पूर्वविधि देवतर्पणबाट शुरु भएको हो। महोत्तरीको बर्दिबास-२ का पण्डित महेशकुमार झाका अनुसार देवर्षि पितृ तर्पणसँगै पितृपक्ष शुरु भएको मानिने मैथिल परम्परा छ। आज कूलदेवता, ग्राम देवता र देवर्षिलाई आमन्त्रण गरी तर्पण दिइएपछि भोलि असोज कृष्णपक्ष प्रतिपदादेखि पक्षभरि आफ्ना दिवङ्गतलाई तर्पण दिने गरिन्छ।

मिथिलामा सामान्यतया पितृपक्षको तर्पण र श्राद्ध तीर्थमा गरिने चलन छ। आज महोत्तरीका धार्मिक महत्वका नदी र तलाउ तटमा पहिलो दिनको देवर्षि तर्पण दिनेहरूको भिडभाड छ। दशैं, तिहार र छठजस्ता मुख्य पर्वअघि पितृहरूको स्मरण गरिन्छ।

## बारामा नरभक्षी बाघ, थप एक जनाको मृत्यु

बारा, २२ भदौ। बाघको आक्रमणबाट बारामा आइतबार एक जना वृद्धको ज्यान गएको छ। आज बिहान बिहान च्याउ टिप्न जाने क्रममा प्रगतिशील सामुदायिक वनभित्र बाघको आक्रमणबाट जीतपुर सिमरा-१ का ६० वर्षीय छेवाङ्ग लामाको मृत्यु भएको इलाका प्रहरी कार्यालय सिमराका प्रमुख वेद प्रकाश जोशीले जनाएका छन्। लामा बिहान करिब ७ बजेतिर च्याउ टिप्न गएका थिए। जङ्गलमा बाघको आक्रमणबाट लामाको मृत्यु भएको घटना घाँस काट्न गएका अन्य स्थानीयहरूले देखेर प्रहरीलाई खबर गरेको ईप्रका सिमराले जनाएको छ। लामाको शवलाई पोस्टमार्टमको लागि

**-बाँकी दुई पेजमा**

## जनताप्रति उतरदायी भएर सेवा प्रवाह गर्न कावा मुख्यमन्त्री यादवको निर्देशन

**धर्बेन्द्र झा**

जनकपुरधाम, २२ भदौ। मधेश प्रदेशका कार्यवाहक मुख्यमन्त्री एवम भौतिक पुर्वाधार विकास मन्त्री सरोज कुमार यादवले जनता प्रति उतरदायी भएर सेवा प्रवाह गर्न निजामती कर्मचारीलाई निर्देशन दिनुभएको छ। मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबार निजामती सेवा दिवस २०८२ को अवसरमा मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानून मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो। उहाँले भन्नुभयो, कर्मचारी र जनप्रतिनिधि एउटै रथमा सवार यात्री हौ। विकास र समृद्धिका लागि जनप्रतिनिधि जति जिम्मेवार हुन्छ त्यती नै कर्मचारी पनि जिम्मेवार हुनुपर्छ।

कार्यवाहक मुख्यमन्त्री यादवले इमान्दारिता र निष्ठा पुर्वक काम गर्ने कर्मचारीलाई राज्यले सम्मान गर्ने भन्दै अगामी दिनमा उत्कृष्ट काम गर्ने कर्मचारीको फोटो नै कार्यालयमा झुण्डयाउने व्यवस्था लागु गर्नका लागि आग्रह गर्नुभयो।

उहाँले कार्यालयहरुमा यस प्रकारको व्यवस्था भएमा अन्य कर्मचारीलाई पनि यस दिशा निर्देश गर्ने बताउनुभयो। उहाँले कर्मचारी र जनप्रतिनिधि दुवै इमान्दारिता र निष्ठा पुर्वक कामकाज गरेको खण्डमा देश समृद्धी तर्फ जानेमा वेर नलाग्ने बताउनुभयो। मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेलको अध्यक्षतामा भएको सो कार्यक्रममा गृह सञ्चार तथा कानून मन्त्रालयका सचिव विमल बराल , धनुषाका प्रमुख जिल्ला अधिकारी शंकर हरि आर्चाय,गृह सञ्चार तथा कानून मन्त्रालयका शाखा अधिकृत राधे शंकर पाल सहित विभिन्न ट्रेड युनियनका नेताहरुले आ आफनो मन्तव्य राख्नु भएको थियो। कार्यक्रम अघि विहान व्यवसायिक र सिर्जनशील प्रशासनः विकास ,समृद्धि र सुशासन नारा लेखिएको व्यानर सहित प्रभातफेरी सहितको र्‍याली निकालिएको थियो। जिल्ला प्रशासन कार्यालय धनुषाको प्राङ्कनवाट आज विहान निकालिएको प्रभातफेरी सहितको र्‍यालीमा चारवटै सुरक्षा निकाय अधिकारी ,विभिन्न कार्यालयका कर्मचारी र मधेश प्रदेशका विभिन्न मन्त्रालयका उच्च ओहदाका कर्मचारीहरुको सहभागिता रहेको थियो।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु-याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु-याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु-याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पु-याउँछ

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मोबाइलको मोह, समाजमा विघटन

आजको डिजिटल युगमा सामाजिक सञ्जाल हाम्रा जीवनका अभिन्न हिस्सा जस्तै बनिसकेको छ। बिहान आँखा खुल्नासाथ मोबाइल स्क्रिनमा आँखा लगाउने र राति निदाउनुअघि स्क्रोल गर्दै थाक्ने बानी हाम्रो समाजमा सामान्य भइसकेको छ। तर, यही सामान्य बानीले अब असामान्य असर देखाउन थालेको छ विशेषतः महिला, बालबालिका, परिवार र समाजमा।

पछिल्ला दिनहरूमा नेपाल सरकारले फेसबुक, टिकटक, इन्स्टाग्राम, मेसेन्जर जस्ता सामाजिक सञ्जाल तथा एपहरूलाई अस्थायी रूपमा बन्द गरेको घटनाले विविध प्रतिक्रिया जन्माइरहेको छ। सरकारले राजस्व संकलन, सामाजिक मर्यादा, पारिवारिक सम्बन्ध र शैक्षिक क्षेत्रमा असर पारिरहेको भन्दै यी प्लेटफर्महरू दर्ता र कर तिरेर मात्र सञ्चालन गर्ने नीति लिएको हो। यद्यपि यसको प्रभाव केवल नीतिगत वा आर्थिक मात्र नभई सामाजिक तहसम्म गहिरो रूपमा महसुस गरिएको छ।

जनकपुरधामका धेरै अभिभावकहरू यो निर्णयप्रति सन्तुष्ट देखिन्छन्। तिनीहरूका अनुसार बालबालिकाले पढाइ छोडेर मोबाइल र गेममा समय बिताउन थालेका थिए, जसले भविष्यको मार्ग नै गडबड हुन थालेको थियो। अभिभावक सञ्जय साहको भनाइ अनुसार, अब छोराछोरीलाई पढाइमा फर्काउने अवसर मिल्ने आशा पलाएको छ। स्थानीय व्यवसायी बिरेन्द्र पण्डितको गुनासो पनि उस्तै छ, मोबाइलले परिवारभित्रको आत्मीयता हराएको थियो, एउटै कोठामा बसेर पनि संवाद शून्य भएको थियो।

सामाजिक सञ्जालको अनियन्त्रित प्रयोगले महिलाहरूमा समेत नकारात्मक असर पार्दै गएको देखिन्छ। शिक्षिका गीता सुवेदीले सामाजिक भेटघाटको साटो महिलाहरू मोबाइलमै गुम्सिन थालेको उल्लेख गर्नुभयो। घरभित्रको आत्मीयता, सम्बन्ध र संवाद हराउँदै गइरहेको अवस्था चिन्ताजनक हो।

मनोविज्ञानका शिक्षक हरिप्रसाद यादवले सामाजिक सञ्जाल आफैं नराम्रो नभए पनि यसको नियमनबिना प्रयोगले सामाजिक सम्बन्ध कमजोर बनाउने धारणा राख्नुभयो। सरकारको अस्थायी निर्णयले मानिसहरूलाई आत्ममूल्याङ्कन गर्न बाध्य बनाउने उहाँको विश्वास छ। वास्तवमा, हरेक प्रविधिको प्रयोग त्यसको उद्देश्य र व्यवहारमा भर पर्छ। मोबाइल वा सामाजिक सञ्जालको गलत प्रयोगले समय, सम्बन्ध र संस्कारमा क्षति पुऱ्याउँछ भने यसको रचनात्मक प्रयोगले विकास र सूचना प्रवाहमा योगदान पुर्याउँछ।

तर, सरस्वतीदेवी खड्गजस्ता नागरिकहरूको पीडालाई पनि नजरअन्दाज गर्न मिल्दैन। विदेशमा रहेका श्रीमानसँग सामाजिक सञ्जालमार्फत कुराकानी गर्ने माध्यम बन्द हुँदा उहाँजस्ता हजारौं परिवार प्रभावित भएका छन्। यसले देखाउँछ कि सम्पूर्णरूपमा सामाजिक सञ्जाल बन्द गर्नु समाधान होइन, बरु यसको व्यवस्थापन, दर्ता र नियमनमार्फत जिम्मेवार प्रयोग सुनिश्चित गर्नु आजको आवश्यकता हो।

सारांशमा भन्नुपर्दा, सामाजिक सञ्जालको अत्यधिक, अनियन्त्रित प्रयोगले हाम्रो समाजको मूल बुनावटमै असर पारिरहेको बेला सरकारले चालेको कदम चेतावनीको घन्टी सावित भएको छ यो निर्णयले नागरिक, अभिभावक, शिक्षक, र नीतिनिर्माताहरुलाई गहिरो पुनर्विचार गर्न बाध्य बनाएको छ। अबको बाटो भनेको सामाजिक सञ्जाललाई बन्द गर्नु होइन, बरु यसको प्रभावकारी, मर्यादित र जिम्मेवार प्रयोग सुनिश्चित गर्नु हो।

सरकारले चालेको यो कदमले समाजलाई प्रविधिको उचित प्रयोगतर्फ उन्मुख गराउन सक्दछ भने, दीर्घकालीन रूपमा नीतिगत सुधार र डिजिटल शिक्षामार्फत सशक्त समाज निर्माणको मार्ग प्रशस्त गर्न सकिन्छ। टेक्नोलोजी हाम्रो दास होइन, साधन हो, यसको प्रयोगले हाम्रो जीवनलाई उज्यालो बनोस्, अँध्यारो होइन।

## बारामा नरभक्षी...

प्रादेशिक अस्पताल कलैया पठाइएको ईप्रका सिमराका प्रमुख जोशीले बताएका छन्।

यसअघि बाघको आक्रमणबाट बारा अम्लेखगञ्जका ३ जना स्थानीयहरूको ज्यान गइसकेको छ। पछिल्लो २ महिनामा बाघको आक्रमणबाट ४ जनाको ज्यान गइसकेको प्रहरीले जनाएको छ। पर्सा राष्ट्रिय निकुञ्जले बाघको आक्रमण बढेपछि प्रभावित क्षेत्रमा सिसी क्यामरा जडान गर्ने र नरभक्षी बाघलाई नियन्त्रणमा लिन चितवनबाट प्राविधिक टोली समेत आइसकेको जनाएको छ।

# नीतिगत अस्पष्टता र प्रविधि कम्पनीको अटेरीपनले निम्त्याएको सन्नाटा

**कृष्णपक्ष थापा**

सरकारले नेपालमा दर्ता नभएका २६ वटा सामाजिक सञ्जाल प्लेटफर्ममाथि प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयनमा ल्याएपछि अभूतपूर्व डिजिटल शून्यता छाएको छ। यो प्रविधिमाथिको प्रतिबन्ध मात्र होइन, आधुनिक जीवनशैली, अभिव्यक्ति, व्यापार र सम्बन्धको धमनीमा लगाइएको एउटा अनपेक्षित अंकुश हो। जसले तरङ्ग मात्र होइन, भुइँचालो नै ल्याइदियो। यो कुनै प्राविधिक त्रुटि थिएन, एकाएक आकाशबाट खसेको निर्णय पनि थिएन। यसको पृष्ठभूमिमा सरकार, अदालत र प्रविधि कम्पनीहरूबिचको लामो र जटिल संवादहीनताको कथा लुकेको छ। सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' लाई आधार मान्यो। साथै, सम्मानित सर्वोच्च अदालतको एउटा आदेशले पनि सामाजिक सञ्जालमा फैलिने हानिकारक सामग्रीलाई नियमन गर्न र प्लेटफर्महरूलाई जवाफदेही बनाउन कानुनी प्रबन्ध गर्न भनेको थियो।

सरकारले यही आदेश, मन्त्रिपरिषद्को निर्णय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्रिस्तरीय बैठकको निर्णयलाई आधार बनाएर यो कठोर कदम चालेको देखिन्छ। नेपाल टेलिकम, एनसेल र वर्ल्डलिंक जस्ता प्रमुख दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायकहरूले बिहीबार र शुक्रबारदेखि सरकारी निर्देशनको पालना गर्दै दर्ता नभएका प्लेटफर्महरुमा पहुँच रोक्न थाले। एनसेलले त आफ्ना प्रयोगकर्तालाई पर्न गएको असुविधाप्रति क्षमा नै माग्यो। यो घटनाले एकाएक नेपाली समाजलाई दुई ध्रुवमा बाँडिदियो—एकातिर नियमन र राष्ट्रिय सार्वभौमसत्ताको वकालत गर्नेहरू, अर्कोतिर अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारको दुहाई दिनेहरू। तर यो कथाको केन्द्रमा थिए ती विश्वव्यापी ठुला प्रविधि कम्पनीहरू, जसको मौनता र अटेरीपनले लाखौं प्रयोगकर्ताको आवाजलाई बन्धक बनाइदियो।

**दर्ता, कर र नियमनको त्रिकोणात्मक लडाइँ**

सरकारको यो कदमको चुरोमा तीन विषय जेलिएका छन् दर्ता, कर र नियमन। सरकारले आर्थिक वर्ष २०८०/८१ देखि नै सामाजिक सञ्जालहरू नेपालमा सञ्चालन हुनका लागि दर्ता हुनुपर्ने र करको दायरामा आउनुपर्ने व्यवस्था गरेको थियो। 'डिजिटल सर्भिस ट्याक्स' को अवधारणा ल्याइयो, जसअनुसार विद्युतीय कारोबारबाट हुने आयमा दुई प्रतिशत कर लाग्ने व्यवस्था गरियो। यो नीतिको उद्देश्य स्पष्ट थियो, नेपालको डिजिटल बजारबाट अर्बौं कमाउने तर राज्यलाई कुनै राजस्व नतिर्ने वा नाम मात्रको राजस्व तिर्ने अन्तर्राष्ट्रिय कम्पनीहरूलाई स्पष्ट करको दायरामा ल्याउनु।

अनौठो कुरा के छ भने सरकारले निष्क्रिय पार्न खोजेका अधिकांश ठुला कम्पनीहरूले कर त तिरिरहेका नै थिए। आन्तरिक राजस्व विभागको तथ्याङ्क अनुसार, मेटा ( फेसबुकको मातृ कम्पनी), लिंक्डइन, गुगल, अमेजन, एप्पल र नेटफ्लिक्सजस्ता २० अन्तर्राष्ट्रिय कम्पनीहरू ठुला करदाता कार्यालयमा दर्ता भई नियमित कर बुझाउँदै आएका थिए। यी कम्पनीहरूले गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै ५० करोडभन्दा बढी कर तिरेको रेकर्ड छ। विभागले उनीहरूलाई अनलाइनबाटै दर्ता हुने र कर तिर्ने सुविधा समेत दिएको थियो।

यहाँनिर सरकारी निकायहरूबिच नै समन्वयको अभाव देखिन्छ। एकातिर एउटा निकाय (आन्तरिक राजस्व विभाग) मा दर्ता भएर कर तिरिरहेका कम्पनीहरूलाई अर्को निकाय (सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) ले पुनः अर्कै प्रक्रियामा दर्ता हुन आउन उर्दी जारी गऱ्यो। सञ्चार मन्त्रालयको तर्क थियो, कर तिर्नु मात्र पर्याप्त छैन, 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' बमोजिम सूचीकरण हुनैपर्छ। मन्त्रालयका अनुसार टिकटक, भाइबर, निम्बज, वीटक र ओपोलाइभ (पोपोलाइभ) जस्ता पाँच प्लेटफर्म मात्र सूचीकृत भएका थिए। यो नीतिगत द्वन्द्व र अस्पष्टताले प्रविधि कम्पनीहरूलाई अलमलमा पाऱ्यो र अन्ततः सरकारलाई प्रतिबन्धजस्तो कठोर निर्णय लिन बाध्य बनायो।

**अभिव्यक्तिको स्वतन्त्रतामाथि संकुचन र साइबर असुरक्षा**

सामाजिक सञ्जाल आज केवल मनोरञ्जनका साधन मात्र होइनन्। ती नागरिकका आवाज मुखरित गर्ने मञ्च हुन्, सार्वजनिक बहसका खुला चौतारी हुन् र सरकारलाई जवाफदेही बनाउने शक्तिशाली औजार पनि हुन्। जब सरकारले एकै पटक २६ वटा प्लेटफर्म बन्द गर्ने निर्णय गऱ्यो, त्यसले अभिव्यक्ति स्वतन्त्रताको घाँटी निमोठेको आरोप धेरैले लगाए। नेपाल पत्रकार महासंघले यसलाई 'अपरिपक्व' र 'अस्वाभाविक' निर्णय भन्दै तुरुन्तै सच्याउन माग गऱ्यो। यो प्रतिबन्धले आम नागरिकको सूचनाको अधिकारलाई ठाडै संकुचित गऱ्यो। सामाजिक मुद्दामा बहस गर्ने, राजनीतिक विचार राख्ने, कला र सिर्जना प्रस्तुत गर्ने वा केवल आफ्ना प्रियजनसँग जोडिने माध्यम खोसिँदा डिजिटल युगमा हुर्किएको एउटा पूरै पुस्ता अत्तालियो।

अर्को पक्ष भनेको विदेशमा रहेका लाखौं नेपाली श्रमिकहरू, जसका लागि फेसबुक मेसेन्जर र ह्वाट्सएप नै परिवारसँग जोडिने सबैभन्दा सस्तो र सुलभ माध्यम थियो, उनीहरूको घरसँगको सम्बन्धको डोरी नै चुँडिएजस्तो भयो। यो प्रतिबन्धले उनीहरूलाई परिवार, समाज र संस्कृतिबाट भावनात्मक रूपमा टाढा धकेल्ने जोखिम बढायो। यसले व्यक्तिगत अभिव्यक्तिमा मात्र होइन, डिजिटल अर्थतन्त्र र उद्यमशीलतामा समेत गहिरो असर पाऱ्यो। हजारौं साना तथा मध्यम व्यवसायीहरू, जसले फेसबुक र इन्स्टाग्रामलाई आफ्नो व्यापारको 'सो-रुम' र 'मार्केटिङ हब' बनाएका थिए, उनीहरूको रोजीरोटीमाथि नै प्रहार भयो। सामाजिक सञ्जालमार्फत आफ्नो उत्पादन बेच्ने, ब्राण्डिङ गर्ने र ग्राहकसँग सिधा सम्पर्क स्थापित गर्ने एउटा सिङ्गो 'गिग इकोनोमी' नै धरासायी हुने खतरा उत्पन्न भयो। यो केवल 'लाइक' र 'सेयरर' को संसार बन्द हुनु थिएन, यो त डिजिटल बजारको ढोका नै बन्द हुनु जत्तिकै हो।

सरकारले नियमनको नाममा सामाजिक सञ्जाल बन्द गर्दा त्यसले अर्को विकराल समस्याको ढोका खोलिदियो- साइबर असुरक्षा। जब वैध ढोकाहरू बन्द हुन्छन्, मानिसहरू अवैध चोर बाटो खोज्न थाल्छन्। नेपालमा पनि त्यही भयो। सामाजिक सञ्जालमा पहुँचका लागि भीपीएनको प्रयोग ह्वात्तै बढ्ने निश्चित भयो। साइबर चेतनास्तर तुलनात्मक रूपमा कम भएको हाम्रोजस्तो मुलुकमा आम प्रयोगकर्ताले सित्तैमा पाइने अविश्वसनीय भीपीएन प्रयोग गर्दा उनीहरूको व्यक्तिगत डाटा, पासवर्ड र वित्तीय जानकारी चोरी हुने जोखिम निकै बढ्छ। भीपीएनको प्रयोगले प्रयोगकर्ताको पहिचान र अवस्थिति लुकाउने भएकाले यसले साइबर अपराधको अनुसन्धानलाई झनै जटिल बनाइदिन्छ। सरकारले जुन 'हानिकारक सामग्री' रोक्न यो कदम चालेको थियो, भीपीएन प्रयोगले त्यस्ता सामग्रीको प्रसारलाई झनै अनियन्त्रित र अनुसन्धानको पहुँचभन्दा बाहिर पुऱ्याइदिन्छ। यसरी नियमन गर्ने प्रयासले उल्टै अराजकता र जोखिम निम्त्याउने एउटा दुष्चक्रको सुरुवात भएको छ।

**कम्पनीहरूको मौनता, नाफाकेन्द्रित अटेरीपन**

यो सम्पूर्ण प्रकरणको केन्द्रमा छन् विश्वव्यापी प्रविधि कम्पनीहरू। खासगरी तीन भीमकाय विश्वव्यापी सञ्जालहरू मेटा, गुगल र एक्स (ट्विटर)। उनीहरूले नेपालजस्तो सानो बजारलाई कहिल्यै गम्भीरतापूर्वक लिएनन्। सरकारले पटक-पटक दर्ता प्रक्रियामा आउन आग्रह गर्दा उनीहरूले त्यसलाई बेवास्ता गरे। बन्दको निर्णय आइसकेपछि मेटाले दर्ताका लागि आवश्यक कागजात इमेलमार्फत मागेको हल्ला चले पनि त्यसलाई मन्त्रालयले आधिकारिक मान्ने कुरा भएन। उनीहरूको यो ढिलासुस्तीले के देखाउँछ भने उनीहरूका लागि नाफा सर्वोपरी हो, तर स्थानीय कानुन र नियमनको पालना प्राथमिकता होइन।

यी कम्पनीहरूले आफ्नो प्लेटफर्मलाई अभिव्यक्ति स्वतन्त्रताको पर्यायका रूपमा प्रस्तुत गर्छन्, तर त्यही स्वतन्त्रतालाई दिगो बनाउन स्थानीय सरकारसँग सहकार्य गर्नुपर्नेबेलामा पछि हट्छन्। उनीहरूको यो दोहोरो चरित्र नै आजको समस्याको जड हो। यदि यी कम्पनीहरूले समयमै सरकारसँग संवाद गरी दर्ता प्रक्रिया पूरा गरिदिएको भए, आज लाखौं नेपाली प्रयोगकर्ताले आफ्नो डिजिटल अधिकार गुमाउनुपर्ने थिएन। उनीहरूको अटेरीपन र नाफाकेन्द्रित सोचको मूल्य अन्ततः आम प्रयोगकर्ताले चुकाउनुपरेको छ।

तर प्रविधि कम्पनीहरूको बेवास्तालाई मात्र सम्पूर्ण दोष नदिऔं। कमजोरी नेपाल सरकारको त्यस्ता कम्पनीहरूसँग गर्ने संवादको तरिकामा पनि हुनसक्छ। सरकारको निर्णयको पछाडि नियमन गर्ने र राष्ट्रिय कानुनको दायरामा ल्याउने मनसाय सही होला, तर त्यसका लागि अपनाइएको तरिका सुधार्न सकिन्छ। आजको युगमा सामाजिक सञ्जालमा फैलिने विकृति रोक्न सिङ्गै माध्यम बन्द गर्नु भनेको आत्मघाती उपाय हो। यसले अभिव्यक्ति स्वतन्त्रता, आर्थिक अवसर र नागरिक सम्बन्धमाथि गम्भीर आघात पुऱ्याएको छ।

अबको बाटो भनेको प्रतिबन्धको होइन, विवेकपूर्ण संवादको हो। सरकारले यस्ता खालको निर्णयमा पुनर्विचार गर्नुपर्छ। सामाजिक सञ्जालसम्बन्धी कानुन, जुन राष्ट्रियसभामा विचाराधीन छ, त्यसलाई छिटोभन्दा छिटो टुङ्गोमा पुऱ्याउनुपर्छ। एउटा सन्तुलित र स्पष्ट कानुनी व्यवस्थाले मात्र प्रविधि कम्पनीहरूलाई जवाफदेही बनाउन सक्छ। अर्कोतर्फ, मेटा, गुगलजस्ता प्रविधि कम्पनीहरूले पनि आफ्नो अहंकार त्यागेर नेपालजस्ता देशका स्थानीय कानुन र संवेदनशीलताको सम्मान गर्न सिक्नुपर्छ। उनीहरूले तुरुन्तै दर्ता प्रक्रियामा आएर सरकारसँग सहकार्यको हात बढाउनुपर्छ। उनीहरूले बुझ्नुपर्छ कि उनीहरूको व्यापार केवल कोड र एल्गोरिदममा होइन, करोडौं प्रयोगकर्ताको विश्वास र भावनामा टिकेको हुन्छ।

यो संकटले हामी सबैलाई एउटा महत्त्वपूर्ण पाठ सिकाएको छ। डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रतालाई सुरक्षित राख्न सरकार, प्रविधि कम्पनी र नागरिक समाजबिच निरन्तर संवाद, सहकार्य र सन्तुलन अपरिहार्य छ। प्रतिबन्ध र निषेधको अँध्यारो सुरुङबाट बाहिर निस्केर विवेकपूर्ण नीतिको उज्यालो बाटोमा हिँड्नु नै आजको आवश्यकता हो। जबसम्म यो सन्तुलन भेटिँदैन, तबसम्म नेपाली डिजिटल आकाशमा यस्ता सन्नाटाहरू भोलिका दिनहरूमा पनि दोहोरिनेछन् र लाखौं आवाजहरू कि त मौन बस्न बाध्य हुनेछन्, कि भीपीएनजस्ता अवैध र असुरक्षित चोरगल्लीहरूमा भौंतारिन विवश हुनेछन्। रातोपाटीबाट

# फेसबुकको घिटीघिटी : फेसबुकेहरूको छटपटी !

**मिलन तिमिल्सिना**

'अब छोराछोरीलाई के देखाएर भात खुवाउने ? यो सरकारले पनि दुःख दिन मात्रै जानेको छ' फेसबुकको भिडियो देखाएर छोराछोरीलाई भात खुवाउने बानी परेकी आमाले रेडियोमा समाचार सुन्नेबित्तिकै धारे हात लगाइन्। धन्न अहिलेसम्म फेसबुक चलिरहेको रैछ। त्यही भिडियो देखाएर हतारहतार छोराछोरीलाई भात खुवाइन्। 'लौन अब दोहोरी गीत र सिरियल कसरी हेर्ने ? मोबाइल हेर्न थालेपछि टिभी हेर्ने बानी छुटिहाल्यो, अब टिभी खोल्न पनि बिर्सिसक्यो। भोलिदेखि कसरी दिन कटाउने ? फेसबुक नभई बाँकी उमेर के गरेर जिउने ?' सोच्दासोच्दै हजुरआमाले आँखा झिमिक्क नगरी रात कटाइन्।

'नेताहरूका टाउको र आवाज जोडिएका रमाइला दोहोरी हेरेर टाइमपास गर्न पाइएको थियो, अब यस्तो रमाइलो के मा हेरेर दिन कटाउने ?' हजुरबाले कोटको खल्तीमा मोबाइल राखेर पुर्पुरोमा हात लगाए। 'रीस उठ्नेबित्तिकै मुख छाडेर गाली वर्षाउन पाउने ठाउँ फेसबुक बन्द भएपछि हात र मुख चिलाएर हैरान हुने भो' बा हात कन्याउँदै भात खान बसे। 'अरूसँग बसेर सुन्न र हेर्न नमिल्ने कुरा कोठाभित्र एक्लै बसेर हेर्न र सुन्न पाइएको थियो, अब त्यस्ता कुरा कहाँ र कसरी भेट्ने ?' ठिटाठिटी फेसबुक चल्ने वैकल्पिक तरिका खोज्न गुगल सर्च गर्न थाले।

फेसबुकबाट कमाइ गरिरहेका, फेसबुकबाटै संवाद गरिरहेका, फेसबुकबाटै सूचना आदानप्रदान गरिरहेकाहरूलाई भन्दा धेरै छटपटी अरूलाई भयो। हुँदो र चाहिँदोभन्दा धेरै नहुँदो र नचाहिँदो कुरा भैरहने फेसबुकमा यतिसम्म हुनु नौलो कुरो चाहिँ भएन। तर अनौठो कुरा चाहिँ अरू नै भए। सरकारले फेसबुकमै लेखेर फेसबुक बन्द गर्‍याैं भन्यो। जनताले फेसबुकमै लेखेर फेसबुक बन्द भएकोमा विरोध र समर्थन गरे। फेसबुक बन्द गरेर सरकारले अभिव्यक्ति स्वतन्त्रताको खिल्ली उडायो भनेर मान्छेहरू फेसबुकमै तीन हात, बित्ता उफ्रिए। सरकारले फेसबुक बन्द गरेर ठिक्क गर्‍यो, फेसबुक सधैँका लागि बन्द हुनुपर्छ भनेर समर्थकहरूले फेसबुकमै लेखे।

कसैले फेसबुक बन्द हुँदा आकाश खस्लाझैँ गरे। धर्ती नै फाट्लाझैँ ठाने। तर यसबीचमा न फेसबुक बन्द भयो, न खुला। न आकाश खस्यो, न धर्ती फाट्यो। फेसबुक बन्द भएर न सरकारलाई हाइसञ्चो भयो, न जनतालाई सुख। उल्टै फेसबुक बन्द भयो कि खुलै भनेर छिनछिनमा हेरिरहनुपर्ने झन्झटले दुःख मात्रै थप्यो। फेसबुक बन्द छ भनौँ भने बेलाबेला चलिरहन्छ, खुला छ भनौँ भने धेरैजसो अड्किरहन्छ घाटमा पुगेको मधौरुजस्तो। बाँच्ने र मर्ने दोसाधको मधौरुजस्तो सरकारले फेसबुकलाई घिटीघिटी बनाइदियो। तर यसको पनि आफ्नै स्वाद छ।

पहिलो कुरा त सरकारकै मान्छेहरू फेसबुकविना बाँच्न नसक्ने रहेछन्। प्रधानमन्त्रीको फेसबुक हेर्दा यो कुरा प्रष्ट हुन्छ। फेसबुक पूरै बन्द भयो भने प्रधानमन्त्री र सरकारका मान्छेहरू कहाँ के गर्दैछन् भन्ने कुरा जनताले कसरी थाहा पाउने ? फेसबुक हेर्ने बानी भएका जनतालाई अरू माध्यमबाट जानकारी दिएर भएन। त्यसैले प्रधानमन्त्री कहाँ गए, के भने भनेर उनका सचिवालयका मान्छेहरूले प्रधानमन्त्रीकै फेसबुकबाट जानकारी दिइरहेका छन्। आफूलाई मन लागेको कुरा प्रधानमन्त्रीले फेसबुकबाटै भनिरहेका छन्। प्रधानमन्त्री र सरकारका मान्छेलाई राम्रोसँग थाहा छ कि आफ्नो कुरा भन्न र देखाउन फेसबुक नै चाहिन्छ। समर्थकहरूको ताली हेर्न पनि फेसबुकबाटै मज्जा हुन्छ। फेसबुकमा गाली गरेको पो हेर्न नसकिने हो। त्यही गाली गर्नेहरूको मुख टाल्न यसो गर्नुपरेको।

फेसबुकलाई घिटीघिटी अवस्थामा राखेर सरकारले ताली र गाली तौलन खोजेको हो। घिटीघिटी भैरहेको फेसबुकमा ताली मात्रै आयो भने फेसबुक सधैँलाई बिउँतियो। तालीभन्दा गाली धेरै भयो भने सधैँलाई अस्तायो। अब तपाईं नै रोज्नुहोस्, आँखा चिम्लेर ताली ठोक्ने कि फेसबुकको बाँकी दुई मुठी सास पनि जाने गरी गाली वर्षाइरहने ?

उज्यालो अनलाइनबाट

# नर्सिङ परिषद्को नयाँ व्यवस्था : नर्सले ज्ञान र सिप अपडेट नगरे लाइसेन्स नवीकरण नहुने

काठमाडौं, २२ भदौ। नेपाल नर्सिङ परिषद्ले निरन्तर व्यावसायिक विकास (सीपीडी) सम्बन्धी नयाँ व्यवस्था लागु गरेको छ। आगामी १ माघदेखि लागु हुनेगरी नर्स र मिडवाइफलाई ज्ञान, सिपका साथै पेसागत विषयमा अभिवृद्धि गर्न सीपीडी कार्यक्रम सञ्चालन गर्ने भएको हो। निरन्तर व्यावसायिक विकास ( सीपीडी) कार्यक्रमबाट ६ वर्षमा न्यूनतम ६० घण्टाको तालिम नलिए उनीहरूको लाइसेन्स नवीकरण नहुने भएको छ। परिषद्ले सीपीडी लागु गर्ने भएपछि त्यस्तो अवस्था आएको हो।

परिषद्को अध्यक्ष सरला केसीका अनुसार अबदेखि नर्सहरुले लाइसेन्स नवीकरण गर्न अनिवार्य रूपमा सिपीडी क्रेडिट प्वाइन्ट हासिल गर्नुपर्नेछ। अहिलेसम्म नर्सिङ लाइसेन्स ६/६ वर्षमा नवीकरण गर्नुपर्ने भए पनि, निश्चित शुल्क बुझाएर स्वचालित रूपमा नवीकरण हुँदै आएको थियो। तर अब भने नवीकरणका लागि आवश्यक ज्ञान र सीप अद्यावधिक गर्नुपर्ने छ।

नेपालमा नर्सिङ सेवा प्रवाह गरिरहेका सम्पूर्ण नर्सको ज्ञान र सिपलाई अझ परिष्कृत गर्ने, नर्स र उपचाररत बिरामीको बीच उत्पन्न हुने असमझदारीलाई न्यूनीकरण गर्ने, संक्रमण रोकथाम तथा नियन्त्रण गर्न निरन्तर पेशागत उन्नयनका लागि सो कार्यक्रम ल्याइएको परिषद्ले जनाएको छ। 'नर्सले लाइसेन्स लिएर अभ्यास नै नगरी बसेपछि ज्ञान खिइदै जान्छ। जसको सिधा असर जनस्वास्थ्यमा पर्छ,' अध्यक्ष केसीले भनिन्, 'त्यसैले अब नर्सहरूले हरेक वर्ष कम्तीमा १० क्रेडिट प्वाइन्ट र ६ वर्षमा ६० क्रेडिट प्वाइन्ट हासिल गर्नुपर्ने व्यवस्था गरेको छौं।'

नर्सले ६ वर्षभित्रमा न्यूनतम ६० देखि १२० घण्टाको तालिम अनिवार्य रूपमा लिनुपर्नेछ। काम गरिरहेको स्वास्थ्य संस्था वा शिक्षण संस्थाले नै तालिम अनिवार्य रूपमा दिनुपर्छ। संवाद सिप, बेसिक लाइफ सपोर्ट, संक्रमण रोकथाम तथा बचाउ, मेडिकल नैतिकता, ज्ञानको अभिवृद्धि लगायत विषयमा तालिम लिनुपर्ने छ। यसले नर्सलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अब्बल सावित गर्नेछ। यस क्रेडिट प्वाइन्ट विभिन्न प्रशिक्षण, वर्कशप, सेमिनार, रिसर्च तथा अस्पतालले सञ्चालन गर्ने निरन्तर नर्सिङ शिक्षा कार्यक्रममा सहभागी भएर प्राप्त गर्न सकिने परिषद्ले जनाएको छ। विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कार्यशाला, गोष्ठी, सभा, सम्मेलन पनि मान्यता दिइने छ।

परिषद्ले स्वास्थ्य संस्था तथा शिक्षण संस्थालाई पत्राचार गरिसकेको छ। यसको लागि परिषद्ले कुन–कुन विधामा कति तालिम लिनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। शिक्षण संस्था, स्वास्थ्य संस्था वा नेशनल हेल्थ ट्रेडिङ सेन्टरबाट लिइएको तालिमलाई मात्र मान्यता दिइने परिषद्ले जनाएको छ।

दक्षता, अनुभव, उपलब्धि आर्जन, सक्रियताको आधारमा मूल्यांकन हुने भएकोले यसका लागि नर्सलाई कुनै आर्थिक दायित्व पर्ने छैन। परिषद्को वेबसाइटमा विभिन्न तालिम वा कार्यक्रममा पाउन सकिने क्रेडिट प्वाइन्टको विवरणसमेत प्रकाशित गरिएको छ।

**बिरामी र नर्स बीचको दूरी नजिक**

एकपटक पढेपछि सधैंभर त्यही कुरा लागु हुँदैन। मेडिकल पेशामा धेरै परिवर्तन र अपडेट भइसकेको हुन्छ। त्यसकारण पनि समय–समयमा ज्ञान, सिपलाई परिष्कृत गर्दै लैजानुपर्ने केसीको भनाइ छ। यसअघि लाइसेन्स नवीकरण शुल्क बुझाएर हुने प्रणाली निष्क्रिय भएको भन्दै परिषद्ले यसलाई सुधार गर्ने निर्णय गरेको हो। 'यो व्यवस्थाले नर्सलाई नयाँ ज्ञान र सिप सिक्न प्रेरित गर्नेछ र अन्ततः बिरामीको उपचार गुणस्तर सुधार हुनेछ,' अध्यक्ष केसी भन्छिन्।

यस अन्तर्गत नर्सहरूले तालिम, ओरिएन्टेसन र रिफ्रेसर कोर्समा सहभागी हुनुपर्नेछ । केसीका अनुसार नर्सले वर्षौं अगाडि पढेको आधारमा मात्र सेवा दिन सक्दैनन्। नयाँ उपचार, प्रविधि र औषधि थपिँदै जान्छन्। त्यसैले समय अनुसार अपडेट हुनुपर्छ। यस प्रक्रिया सहज बनाउन परिषद्ले अस्पतालहरू र शैक्षिक संस्थालाई समेत जिम्मेवार बनाउनुपर्नेमा जोड दिएको छ । 'निजी अस्पतालहरूले नर्सलाई १० हजार तलब दिँदैनन्। त्यसैले संस्था आफैंले पनि तालिममा पठाउनुपर्छ। यसरी मात्र जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा दिन सकिन्छ,' अध्यक्ष केसीले भनिन्।

उनका अनुसार दशैं–तिहारपछि विभिन्न प्रदेशका अस्पताल र शैक्षिक केन्द्रहरूमा ओरिएन्टेसन कार्यक्रम सञ्चालन गर्ने तयारी छ। परिषद्को दीर्घकालीन उद्देश्य भनेकै नर्सहरूलाई दिनप्रतिदिन अपडेट गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने हो। केसी भन्छिन्, 'नर्सलाई हतियार दिएर मात्र पुग्दैन, त्यसलाई प्रयोग गर्ने सिप पनि हुनुपर्छ। त्यतिबेलामात्र जनतालाई वास्तविक फाइदा पुग्छ।' परिषद्की अध्यक्ष केसीका अनुसार यस तालिमले स्वास्थ्य सेवामा देखिएका व्यवहारगत र प्राविधिक कमजोरीलाई सम्बोधन गर्दै स्वास्थ्यकर्मीलाई थप दक्ष बनाउन योगदान पुर्याउनेछ।

उनका अनुसार दूरदराजमा कार्यरत स्वास्थ्यकर्मीलाई समेत सहज हुने गरी योजना बनाइएको छ। उनले प्राविधिक सिपसँगै स्वास्थ्यकर्मी र बिरामीबीचको संचार सुधारमा तालिम केन्द्रित हुने स्पष्ट पारिन्। अहिले स्वास्थ्य संस्थामा बिरामीसँग स्वास्थ्यकर्मी राम्रोसँग संवाद गर्दैनन् भन्ने गुनासो आएको छ। यसलाई समाधान गर्न सञ्चार सिपलाई तालिमको महत्त्वपूर्ण अंश बनाएको केसी बताउछिन्। 'संवाद गर्ने सिपको कसरी विकास गर्न सकिन्छ भनेर उक्त कार्यक्रम ल्याइएको हो। जसले गर्दा बिरामी र नर्स बीचको दूरी नजिक बन्न जान्छ,' उनी भन्छिन्।

नेपाल नर्सिङ परिषद्को तथ्यांक अनुसार हालसम्म नेपालमा ८६ हजार १५७ जना नर्स, ३७ हजार ७६४ एएनएम, १३३ मिडवाइफी, १ हजार ८७० विशेषज्ञ र ८५६ जना विदेशी नर्सले सेवाका लागि अनुमति ( लाइसेन्स) लिएका छन्। तर, यसमध्ये ३६ हजार ३३४ जना नर्स र १५ हजार ३०१ जना एएनएमले मात्र लाइसेन्स नवीकरण गरेका छन्। तर, परिषद्सँग भने नेपालमा कति सक्रिय र कति विदेशी नर्स छन् भन्ने यकिन तथ्यांक छैन। सीपीडी कार्यक्रम लागू भएसँगै कुन ठाउँमा कति नर्स कार्यरत छन् ? भन्ने आधिकारिक तथ्यांक समेत अपडेट परिषद्ले जनाएको छ।

परिषद्सँग कामका लागि विदेश जानेहरूले स्वीकृति नलिने हुँदा यति नै संख्यामा नर्सहरू विदेशमा छन् भन्ने यकिन तथ्यांक छैन। पढाइका लागि विदेश जानुअघि नर्सहरूले नर्सिङ काउन्सिलको स्वीकृति लिनुपर्छ। तर, पढाइ बाहेक अन्य कामका लागि विदेश जानेहरूले स्वीकृति लिंदैनन्। नेपालमा ४५ हजार नर्सिङ जनशक्ति मात्र सक्रिय भएको नेपाल नर्सिङ संघको अनुमानित तथ्यांक छ। तीमध्ये नेपाल सरकार अन्तर्गत स्थायी र करारमा १८ हजार नर्स कार्यरत छन्। यस्तै, करिब १७ हजार नर्स निजी अस्पतालमा र बाँकी शैक्षिक क्षेत्रमा काम गरिरहेका छन्। यस्तै, करिब ३० हजार नर्स अहिले पनि बेरोजगार रहेको हुनसक्ने अनुमान छ। यस्तै, करिब २० हजारले विदेश जानका लागि भेरिफिकेसन लिएका छन्।

तालिमलाई व्यवहारिक बनाउन परिषद्ले विभिन्न 'म्यान्डेटरी मोड्युल' तयार पारेको छ। यसमा भिडियो सामग्री, प्राविधिक अभ्यासका मोडेलहरू र अस्पतालमै हुने सिकाइ प्रक्रियासमेत समेटिएको छ। 'अबको जमाना डिजिटल भएकोले भिडियो अपलोड गर्ने र अनलाइन सामग्री उपलब्ध गराउने तयारी पनि गरेका छौं,' केसीले भनिन्। तालिमका क्रममा बिरामीलाई स्ट्रेचर, हिवलचेयर वा अन्य उपकरण प्रयोग गर्दा हुने सामान्य गल्तीलाई रोक्ने विषय पनि समावेश गरिएको परिषद्ले जनाएको छ। यसले बिरामीलाई थप सुरक्षित सेवा बनाउने छ।

उनको भनाइ अनुसार, यो तालिमलाई दीर्घकालीन रूपमा कार्यान्वयन गरेर नर्स र स्वास्थ्यकर्मीको सिप तथा व्यवहार सुधार्न सकिनेछ। यसले अन्ततः बिरामीलाई गुणस्तरीय सेवा प्राप्त गर्न मद्दत गर्नेछ। दूरदराज तथा ग्रामीण भेगमा कार्यरत नर्सलाई पनि निःशुल्क र सहज रूपमा तालिमको पहुँचको व्यवस्था गरिएको परिषद्को दाबी छ। केसी भन्छिन्, 'यो सुरुवात हो, सुरुमा केही समस्या आउन सक्छ। तर प्राप्त हुने फिडब्याकका आधारमा निरन्तर सुधार गर्दै जान्छौं।'

# चीनले बनायो विश्वकै पहिलो सिक्स जी चिप, आधा सेकेन्डमै ५० जीबीको फिल्म डाउनलोड

काठमाडौं, २२ भदौ। सूचना प्रविधिको क्षेत्रमा चीनले आफूलाई पुनः विश्वकै अग्रणी साबित गर्दै विश्वकै पहिलो सिक्सजी चिप सार्वजनिक गरेको छ। यसले दुर्गम क्षेत्रमा उच्चगतिको इन्टरनेट प्रदान गर्नेछ। चिनियाँ वैज्ञानिकले पातलो लिथियम नियोबेट फोटोनिक पदार्थको फिल्ली र नवीन संरचनाको प्रयोग गरी उच्चगतिको वायरलेस सञ्चार चीपको विकास गरेका हुन्।

समाचार अनुसार विद्यमान इन्टरनेट गतिको तुलनामा सिक्स जी चिपबाट ५ हजार गुणा तेज इन्टरनेट स्पीड प्राप्त हुनेछ। यसबाट विश्वका ग्रामीण क्षेत्रलाई समेत फाइदा पुग्नेछ, जहाँ अहिलेसम्म उच्चगतिको इन्टरनेट पुग्न सकेको छैन। यो चिपले भविष्यको सिक्स जी इन्टरनेटको विश्वसनीयता तथा क्षमतामा वृद्धि गर्नेछ। साउथ चाइना मर्निङ पोस्टका अनुसार चिनियाँ शोधकर्ताहरुले बेइजिङस्थित पेकिंग विश्वविद्यालय र हङ्कङको सिटी विश्वविद्यालयका शोधकर्ताहरुसँग मिलेर तयार पारेका हुन्। नेचर जर्नलमा प्रकाशित उक्त शोध अनुसार यसलाई सबै फ्रिक्वेन्सीमा चल्ने सिक्स जी प्रविधि भनिएको छ जसले मोबाइल स्पीडलाई कैयौं गुणा बढाउनेछ यो इन्टिग्रेटेड अप्टोइलेक्ट्रोनिक फ्युजन प्रविधिमा आधारित रहेको बताइएको छ।

चीनमा जुन सिक्स जी चिपसेट तयार गरिएको छ, त्यसको आकार ११ मिलिमिटर गुणा १.७ मिलिमिटर रहेको छ। यो चिपसेटले न्यून फ्रिक्वेन्सीमा पनि काम गर्न सक्दछ। यसबाट मोबाइल तथा अन्य डिभाइसमा उत्कृष्ट इन्टरनेट स्पीडयुक्त राम्रो कनेक्टिभिटी प्राप्त हुनेछ। नयाँ पुस्ताको वायरलेस सञ्चारको रुपमा सिक्स जी इन्टरनेटमा विविध फ्रिक्वेन्सी ब्याण्डमा उच्च गतिको डेटा ट्रान्समिसन आवश्यक पर्दछ। यो आवश्यकतालाई सिक्स जी चिपले पूरा गर्नेछ।

सिक्स जी चिपसेटको सहयोगमा एक सेकेण्डमै १ सय जिबीसम्म डेटा ट्रान्सफर गर्न सकिनेछ। यसले पूर्णरुपमा वायरलेस स्पेक्ट्रममा काम गर्नेछ। एजेन्सीको सहयोगमा

## VACANCY ANNOUNCEMENT
### Fellowship in Eye Health Care Management

**Nepal Netra Jyoti Sangh,** a leading eye care NGO having 28 eye hospitals, 160 eye care centers and several outreach programs is seeking applications from energetic Nepali qualified candidates aged bellow **35 years** interested to join as a one year fellows in Eye Health Management at Lahan Eye & Ear Care System

**Program Highlights:**
- Training in eye care management
- Hospital & outreach postings
- Mentoring & managerial skills development
- Research involvement

**Program Details:**
- Seats: 2 (Sagarmatha Choudhury Eye Hospital, Lahan–1, Biratnagar Eye Hospital, Biratnagar–1)
- **Stipend: NPR 25,000/month**
- Eligibility: Master's in Business Administration or Health Care Management or Hospital Administration **(New graduates are highly encouraged)**
- **Deadline: 26th Sept 2025**

Interested candidates are requested to apply with relevant academic certificate, CV and a cover letter stating your interest for the fellowship at: **vacancy.beh@erec-p.org**
**For details about the program, visit our website www.leecs.org**


# चुनौती बन्नसक्छ जेनजीको प्रदर्शन, सुरक्षा रणनीति बनाउँदै प्रशासन

काठमाडौं, २२ भदौ। जेन–जीले बेथितिविरुद्ध काठमाडौंमा प्रदर्शन गर्ने भएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौं सुरक्षा रणनीति बनाउन आन्तरिक तयारीमा जुटेको छ। जेनजीले सोमबार शान्तिपूर्ण रूपमा माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म प्रदर्शन गर्ने बताएका छन्। प्रदर्शनका लागि प्रशासनले समेत अनुमति दिइसकेको छ। माइतीघर–नयाँ बानेश्वर क्षेत्रमा प्रदर्शनको अनुमति माग्न केही जेनजी विद्यार्थीहरू जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगेका थिए।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सीडीओ) छवि रिजालले पनि जेनजीहरू आएको पुष्टि गर्दै भने, 'भोलिको प्रदर्शनका लागि भनेर उहाँहरू आउनुभएको थियो। निषेधित क्षेत्र बाहेकका ठाउँमा शान्तिपूर्ण प्रदर्शन गर्न अनुमति दिएका छौं।' सरकारले समाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, देशमा व्याप्त भ्रष्टाचार, बेथिति, नेता र उनीहरूका छोराछोरीको बिलासी जीवनशैलीमा प्रश्न गर्दै जेन–जीले सोमबार प्रदर्शनको घोषणा गरेका हुन्। जेनजीले सुरक्षाका लागि सडकमा खटिएका प्रहरीलाई नै फूल दिएर प्रदर्शन सुरु गर्ने बताएका छन्। उनीहरूको भनाइअनुसार भोलिको प्रदर्शन शान्तिपूर्ण हुनेछ। तर जिल्ला प्रशासन कार्यालय काठमाडौंले भोलिको प्रदर्शनका लागि जिल्ला सुरक्षा समितिको बैठक नै डाकेको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजालको संयोजकत्वमा सुरक्षा समितिको बैठक बसेर सुरक्षा रणनीति समेत बनाएको छ।

'नियमित आइतबार बस्ने सुरक्षा समितिको बैठक आज पनि बस्यो। बैठकमा भोलिको प्रदर्शनबारे छलफल भयो। आइपर्ने चुनौतीको विश्लेषण गर्दै सुरक्षा रणनीतिअनुसार प्रदर्शन सुरक्षित बनाउने भन्ने निर्णय भएको छ,' रिजालले भने। यता प्रहरीले भने आफ्नो तर्फबाट यो आन्दोलनमा हुनसक्ने सम्भावित घटनाको विश्लेषण गरेर सुरक्षा रणनीति बनाउन सुरु गरेको छ। भोलिको सुरक्षाका लागि पर्याप्त सुरक्षाकर्मी उपलब्ध गराइने जिल्ला प्रहरी परिसर काठमाडौंले बताएको छ। परिसर काठमाडौंसँग मात्रै ४ हजार १६ दरबन्दी छ। जसमध्ये अहिले ३ हजार २३३ प्रहरी जनशक्ति छ। यीमध्ये नियमिति कामका खटिने बाहेकका जनशक्ति प्रदर्शन सुरक्षामा खटिने बताइएको छ।

प्रहरी परिचालनबारे परिसरका एसपी तथा प्रवक्ता अपिलराज बोहरा भने प्रदर्शन हेरेर सोहीअनुसार प्रहरी परिचालन गरिने बताउँछन्। 'त्यस्तो ठूलो केही हुन्छ भन्ने छैन। सञ्जालतिर अलि बढी अतिरञ्जित भएको छ। भोलि बिहानको मुभमेन्ट हेरर त्यहीअनुसार सुरक्षाकर्मी परिचालित हुन्छन्,' एसपी बोहराले भने। काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट पनि प्रहरी सुरक्षाका निम्ती खटिने छन्।

### 'आन्दोलन चुनौतीपूर्ण बन्न सक्छ'

समय, स्थान, संख्या र नेतृत्वको हिसाबले हेर्दा भोलिको आन्दोलन चुनौतीपूर्ण बन्न सक्ने आँकलन गरिएको भिड नियन्त्रणबारे राम्रो ज्ञान भएका नेपाल प्रहरीका पूर्वएआईजी प्रद्युम्न कार्कीको बुझाइ छ। 'मुख्य सडक माइतीघर–बानेश्वरमा प्रदर्शनमा गर्ने भनिएको छ। त्यो पनि अफिस समयमै प्रदर्शन राखिएको छ। भीआईपी ओहोरदोहोर हुने ठाउँ र सयम पनि प्राइम भएकाले चुनौती हुने सम्भावना देखिन्छ,' उनी भन्छन्।

अर्कोतर्फ, भोलिको प्रदर्शनको मुख्य चुनौती नेतृत्वको हुनसक्छ। अहिलेसम्म आन्दोलन कसले नेतृत्व गर्ने भन्ने देखिँदैन। यस्तो हुँदा समस्या आउन सक्ने बुझाइ सुरक्षाका जानकारहरूको छ। भोलि सडकबाटै लिड गर्ने व्यक्ति धमाधम निस्कन सक्ने हुँदा आन्दोलनले उग्र रूप लिने जोखिम हुने कार्की बताउँछन्। अन्य आन्दोलनभन्दा नेतृत्वको कोणबाट यो आन्दोलनको बढी सुरक्षा चुनौती हुने बुझाइ उनको छ। अहिलेसम्म यो उमेर समूहका व्यक्तिले कुनै घटनामा आकस्मिक आन्दोलन गर्नुबाहेक यसरी घोषणा नै गरेर आन्दोलन गरेको र त्यसको नियन्त्रण गरेको अनुभव नेपाल प्रहरीसँग छैन। यसअघि विद्यार्थीहरूले गर्ने आन्दोलन पनि निश्चित नेतृत्व र राजनीतिक दलकै संगठनको रूपमा हुने गरे पनि यसरी स्वतस्फुर्त रूपमा आन्दोलन नभएका कारण प्रहरीका लागि भोलिको आन्दोलन पनि नयाँ अनुभव हुनसक्ने बताइएको छ।

सशस्त्र प्रहरी बलका पूर्वडीआईजी तथा भिड नियन्त्रणबारे राम्रो जानकार भएका माधव थापा पनि भोलिको आन्दोलनमा प्रशासन चनाखो हुनुपर्ने बताउँछन्। उमेर समूह र नेतृत्वको कारण आन्दोनलन चुनौतीपूर्ण बन्न सक्ने उनी बताउँछन्। आन्दोलनमा बलियो नेतृत्व नहुँदा तर्क गर्नेभन्दा पनि भौतिक क्षति बढी हुनसक्ने सम्भावना सधैं रहने बुझाइ उनको छ ।

### तोडफोडमा उत्रिए कारबाहीसम्मको तयारी

सामाजिक सञ्जालमा 'नेपो बेबी' ट्रेन्ड चलाएर सोमबार प्रदर्शनमा उत्रिन लागेका जेन–जी उग्र भएर तोडफोडमा उत्रिए कारबाहीसम्म हुने बताइएको छ। सीडीओ रिजालले भने कानुनले तोके बाहेकको प्रदर्शन भयो भने कानुन बमोजिमकारबाही हुने बताएका छन्। नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पनि जेनजीको प्रदर्शनका विषयमा प्रतिक्रिया दिएका छन्। सोमबार प्रदर्शन गर्ने विषय सार्वजनिक भएपछि ओलीले भने, 'जेनजी विधि, कानुनबारे स्पष्ट छन् भन्ने मलाई लागेको छ।'

उनको यो भनाइले घुमाउरो पारामा ओलीले कानुन उल्लंघन गरे वा तोडफोडमा उत्रिए प्रशासनले कारबाही गर्ने सन्देश दिएको छ। यसबारे प्रहरी पनि सचेत छ। शान्तिपूर्ण आन्दोलनको साटो तोडफोडमा उत्रिए कारबाही हुने प्रहरीले बताएको छ।

# सप्तरीमा एक पुजारीको शंकास्पद मृत्यु

विनय कर्ण

सप्तरी, २२ भदौ। सप्तरीको कञ्चनरुप नगरपालिकामा एक वृद्ध पुजारीको शंकास्पद मृत्यु भएको छ।नगरपालिका– ८ सुन्दरी पुल नजिकैको काली मन्दिरमा विगत ६/७ वर्षदेखि पुजारीको रुपमा बस्दै आएका उहाँको शंकास्पद मृत्यु भएको हो। अहिलेसम्म पुजारीको नामसमेत खुल्न सकेको छैन। शनिबार साँझ ७५ वर्षीय पुजारी मन्दिर परिसरमै टाउकोमा चोट लागी घाइते अवस्थामा भेटिनुभएको थियो।स्थानीयवासीहरूले उहाँलाई नगर अस्पताल कञ्चनपुर पुऱ्याए पनि उपचारको क्रममा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो।

उहाँले मृतकको टाउकोमा चोट देखिएकाले आफैँ लडेको वा कसैले धक्का दिएर लडाएको बारे अनुसन्धान थालिएको बताउनुभयो। "मृत्यु शंकास्पद देखिएको छ, प्रहरीले अनुसन्धान थालेको छ" बस्नेतले भन्नुभयो। मृतकको शवलाई पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजको शवगृहमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# विद्यालय गएका बालक चार दिनदेखि बेपत्ता

जलेश्वर, २२ भदौ। महोत्तरीको बर्दिबासमा घरबाट विद्यालय पढ्न हिंडेका एक बालक विगत चार दिनदेखि बेपत्ता रहेका छन्। बर्दिबास नगरपालिका–१२ मा अवस्थित जनता माध्यमिक विद्यालय डाँडाटोलमा कक्षा ६ मा पढ्दै गरेका स्थानीय १३ वर्षीय बालक गौतम पासवान गत बिहीबार घरबाट साइकलमा चढेर पढ्न विद्यालय गएकामा उनी अहिलेसम्म घर फर्केर नआएको निजका काका प्रमोद पासवानले बताए। गौतम बेपत्ता भएपछि परिवारजनले प्रहरी चौकी हात्तीलेटमा खोजीका लागि निवेदन दिएका छन्। इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख एवं प्रहरी नायब उपरीक्षक प्रकाश बमले पीडित परिवारले प्रहरी चौकीमा बालक खोजतलासका लागि दिएको निवेदनपश्चात् तुरुन्तै सक्रिय भएको प्रहरी टोलीले बालक गौतमको खोजतलास गरिरहेको बताए।










मा[redacted] **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
का[redacted] फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)